# कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७

प्रस्तावना: कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिका कारण स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई महामारी फैलिन नदिने गरी संक्रमणबाट सुरक्षित रूपमा स्वदेश आउने, क्वारेन्टिनमा बस्ने, स्वास्थ्य परीक्षण एवं स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पालना गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस आदेशको नाम "कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो आदेश नेपाल सरकारबाट अर्को आदेश जारी नभएसम्म बहाल रहनेछ ।

२. प्रवेश विन्दुसम्बन्धी व्यवस्था: (१) भारतबाट स्थलमार्ग हुदै स्वदेश आउने नेपालीको लागि नेपाल-भारत सीमाका देहायका प्रवेश विन्दु तोकिएको छः-

(क) पशुपतिनगर (इलाम)
(ख) काकडभिट्टा (झापा)
(ग) रानी (मोरङ)
(घ) कुनौली (सप्तरी)
(ङ) ठाडी (सिराहा)
(च) माडर (सिराहा)
(छ) भिट्टामोड (महोत्तरी)
(ज) मलंगवा (सर्लाही)
(झ) गौर (रौतहट)
(ञ) वीरगञ्ज (पर्सा)
(ट) महेशपुर (नवलपरासी पश्चिम)
(ठ) वेलहिया (रूपन्देही)
(ड) तौलिहवा (कपिलवस्तु)
(ढ) कृष्णनगर (कपिलवस्तु)



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(ण) जमुनाह (बाँके)

(त) सुरजपुर, गुलरिया (बर्दिया)

(थ) गौरीफन्टा (कैलाली)

(द) गड्डाचौकी (कञ्चनपुर)

(ध) झुलाघाट (बैतडी)

(न) दार्चुला (दार्चुला)

(२) भारतबाहेकका मुलुकबाट स्वदेश आउने नेपाली नागरिकलाई देहायको प्राथमिकताका आधारमा स्वदेश आउने व्यवस्था मिलाइनेछः-

(क) सजायबाट आममाफी पाएका,

(ख) डिटेन्सन सेन्टरमा रहेका र हाल नेपाल आउन अनुमति प्राप्त भएका,

(ग) जुनसुकै कारणले वहिर्गमन भिसामा रहेका,

(घ) आफन्तको मृत्यु भई काजक्रियाका लागि नेपाल आउनुपर्ने,

(ङ) श्रम करार अवधि समाप्त भएका वा रोजगारी गुमाएका,

(च) कोभिड बाहेक अन्य कारणबाट गम्भीर स्वास्थ्य अवस्था भएका,

(छ) सुत्केरी तथा गर्भवती महिला,

(ज) बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका,

(झ) सरकारी सेवामा रही अध्ययन वा तालिममा गएका,

(ञ) अध्ययन समाप्त भएका विद्यार्थी,

(ट) नेपाल आउन पर्ने अवस्थामा रहेका अध्ययनरत विद्यार्थी,

(ठ) पारिवारिक पुनर्मिलनका लागि गएका,

(ड) कम्पनीबाट रोजगारी सहित विदा सुविधा पाएका,

(ढ) अन्तर्राष्ट्रिय संघ संस्थामा कार्यरत रहेका नेपाल आउनु पर्ने अवस्थाका, र

(ण) पर्यटक तथा व्यापारिक भिसामा गएका ।

३. <u>विवरण तयार गर्नुपर्नेः</u> (१) दफा २ को उपदफा (१) बमोजिमका सीमा नाकामा आएका नेपाली नागरिकको प्रदेश, जिल्ला र पालिकागत विवरण स्थानीय प्रशासनले तयार गरी सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहलाई अविलम्ब उपलब्ध गराउनु पर्नेछ ।

(२) भारतबाहेकका मुलुकबाट नेपाल आउनेहरूको प्रदेश, जिल्ला र पालिकागत विवरण विदेशस्थित सम्बन्धित नेपाली नियोगले तयार गरी परराष्ट्र मन्त्रालयमार्फत् स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; गृह मन्त्रालय; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र कोभिड-१९ संकट व्यवस्थापन केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको विवरणमा आफ्नै खर्चमा तोकिएको होटल क्वारेन्टिनमा बस्ने वा स्थानीय तहले व्यवस्था गरेको क्वारेन्टिनमा बस्ने व्यहोरासमेत खुलेको हुनुपर्नेछ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(४) हवाई उडानबाट स्वदेश आउने व्यक्तिले हवाई उडान गर्नुअघि कोभिड संक्रमण नभएको स्वास्थ्य परीक्षण (पि.सि.आर./आर.डि.टी./अन्य परीक्षण) को प्रमाण साथमा राख्नु पर्नेछ।

(५) दफा २ को उपदफा (२) बमोजिमको प्राथमिकता क्रममा रहेका नेपाली नागरिकलाई स्वदेश आउन एक दिनमा एक मुलुकबाट एक उडानका दरले एक दिनमा कुल दश उडानको अनुमति दिन सकिनेछ।

तर, कुनै मुलुकबाट यात्रु आउने अवस्था नरहेमा एक दिनमा कुल दश उडानमा नबढ्ने गरी बढी यात्रु सङ्ख्या भएका मुलुकबाट थप उडान गर्न अनुमति दिन बाधा पर्ने छैन।

४. <u>होल्डिङ सेन्टरसम्बन्धी व्यवस्थाः</u> (१) भारतबाट आउनेहरूका लागि दफा २ को उपदफा (१) बमोजिमका नाकाहरूको प्रवेश विन्दु नजिकको विद्यालय वा सामुदायिक भवन वा कभर्ड हल वा पार्टी प्यालेस वा अन्य उपयुक्त खुला स्थान छनौट गरी होल्डिङ सेन्टरको व्यवस्था गरिनेछ ।

(२) भारतबाहेक अन्य मुलुकबाट आउनेहरूका लागि काठमाडौंको चक्रपथ आसपासका उपयुक्त पार्टी प्यालेसहरूमा प्रदेशगत रूपमा कम्तिमा एउटा होल्डिङ सेन्टरको व्यवस्था गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको होल्डिङ सेन्टर नेपाली सेना तथा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको सहयोगमा सम्बन्धित स्थानीय प्रशासनले तोक्नेछ ।

(४) भारतबाट आउनेहरूलाई सीमा नाकाको प्रवेश विन्दुमा व्यवस्था गरिएको सवारी साधनबाट र भारतबाहेक अन्य मुलुकबाट आउनेलाई अध्यागमन तथा भन्सारसम्बन्धी प्रक्रिया पूरा गरी प्रदेशगत रूपमा व्यवस्था गरिएका बसबाट नेपाली सेनाको संयोजकत्वमा सोझै होल्डिङ सेन्टरमा लगिनेछ।

(५) भारतबाट आउनेलाई होल्डिङ सेन्टरमा र अन्य मुलुकबाट आउनेलाई विमानस्थल आगमन कक्षमा स्वास्थ्य स्वघोषणा फाराम भर्न लगाई निजको ज्वरो मापन गरिनेछ।

(६) एक सय दशमलव चार डिग्री फरेनहाइट (१००.४°एफ.) भन्दा बढी ज्वरो आएकालाई आइसोलेसन कक्षमा लैजाने र अन्यलाई नेपाली सेनाको संयोजकत्वमा सम्बन्धित जिल्ला सदरमुकामसम्म पुऱ्याउने व्यवस्था गरिनेछ।

(७) होल्डिङ सेन्टरमा रहेकाको पालिकागत विवरण तयार गरिने र ट्रेसिङ सहजताका लागि निजको मोबाइल नम्बर लिइनेछ । मोबाइल नम्बर नभएकालाई निःशुल्क सिमकार्ड उपलब्ध गराइनेछ । मोबाइल नम्बर भएका र सिमकार्ड उपलब्ध गराइएकालाई आफ्नो मोबाइल फोन तत्कालै चालू गराई कम्तिमा साठी दिनसम्म अनिवार्य रूपमा प्रयोगमा ल्याउनु पर्नेछ।

(८) भारत र तेस्रो मुलुकबाट आएकाले आफ्नो मोबाइलमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको “हाम्रो स्वास्थ्य” एप डाउनलोड गरी क्वारेन्टिनमा रहँदाको अवधिमा नियमित रूपमा स्वास्थ्य विवरण अद्यावधिक गर्नुपर्नेछ ।

(९) नेपाल आउनेले तोकिएका स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पालना गर्नु पर्नेछ।

(१०) सीमा नाका नजिक रहने होल्डिङ सेन्टरको व्यवस्थापन सम्बन्धित प्रदेश सरकारले तोकेको मन्त्रीको सुपरीवेक्षणमा प्रदेश तथा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको संयोजन एवं स्थानीय प्रशासनको सहयोगमा नेपाली सेनाले गर्नेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(११) काठमाडौंको चक्रपथ आसपासका होल्डिङ सेन्टरको व्यवस्थापन प्रदेशसँग समन्वय गर्न जिम्मेवारी तोकिएका नेपाल सरकारका मन्त्रीको सुपरीवेक्षणमा कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको संयोजन एवं स्थानीय प्रशासनको सहयोगमा नेपाली सेनाले गर्नेछ ।

(१२) होल्डिङ सेन्टरमा आवश्यक प्रक्रिया पूरा भएपछि होटल क्वारेन्टिनमा बस्नेलाई सिधै व्यवस्था गरिएको होटलमा र स्थानीय तहको क्वारेन्टिनमा बस्नेलाई सम्बन्धित जिल्लासँग समन्वय गरी जिल्लागत रूपमा छुट्याइएका यातायातका साधनबाट जिल्ला सदरमुकामसम्म पुऱ्याइनेछ। जिल्ला सदरमुकाममा स्थानीय तहले यसरी आउनेलाई जिम्मा लिई तोकिएको क्वारेन्टिनमा राख्नु पर्नेछ।

(१३) सीमा प्रवेश विन्दुदेखि होल्डिङ सेन्टर हुँदै सम्बन्धित स्थानीय तहले व्यवस्थापन गरेको क्वारेन्टिनसम्म जाने यातायातको समन्वय सम्बन्धित प्रदेश सरकारले गर्नेछ ।

(१४) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलदेखि होल्डिङ सेन्टरसम्मको यातायातको समन्वय कोभिड-१९ संकट व्यवस्थापन केन्द्रले र होल्डिङ सेन्टर हुँदै होटल क्वारेन्टिन वा सम्बन्धित स्थानीय तहले व्यवस्थापन गरेको क्वारेन्टिनसम्म जाने यातायातको समन्वय सम्बन्धित प्रदेश सरकारले गर्नेछ।

(१५) यस दफाको प्रयोजनको लागि सवारी साधनको व्यवस्था नेपाल प्रहरीको ट्राफिक महाशाखाले यातायात व्यवस्था विभागसंग समन्वय गरी मिलाउनेछ ।

५. क्वारेन्टिन व्यवस्थापनः (१) स्थानीय तहले स्वीकृत क्वारेन्टिन मापदण्ड अनुरूप क्वारेन्टिनको व्यवस्थापन गर्नु पर्नेछ ।

(२) स्थानीय तहले व्यवस्थापन गरेका क्वारेन्टिनमा बस्नेको लजिस्टिक, खानपिनलगायत अन्य आवश्यक व्यवस्था सोही स्थानीय तहले गर्नेछ ।

(३) प्रदेश कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र र स्थानीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको समन्वय र सहकार्यमा नेपाली सेनाले काठमाडौं उपत्यका र मुलुकका विभिन्न स्थानमा रहेका क्वारेन्टिनहरूको सञ्चालन, नियन्त्रण र निर्देशन गर्नेछ।

(४) क्वारेन्टिनमा बस्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेबमोजिमको स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको पालना गर्नुपर्नेछ ।

(५) परराष्ट्र मन्त्रालयले उपलब्ध गराएको विवरणको आधारमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सुपरीवेक्षण र नेपाली सेनाको समन्वयमा स्थानीय प्रशासनले तोकेका क्षेत्रमा होटल क्वारेन्टिनको व्यवस्था गर्नेछ ।

(६) आपतकालीन व्यवस्थाका लागि सहरी विकास मन्त्रालयले आवश्यक मर्मत सुधार गरी नेपाल विद्युत प्राधिकरणको खरिपाटीस्थित तालीम केन्द्रमा तीन सय, इचंगु नारायण आवास क्षेत्रमा चार सय, मनमोहन अस्पताल, दहचोकमा पाँच सय र के.एम.सी., दुवाकोटमा पाँच सय क्वारेन्टिन बेड तयार गरी प्रयोग गर्न मिल्ने अवस्थामा राख्नु पर्नेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं

(७) स्थानीय तहको क्वारेन्टिन र होटल क्वारेन्टिनमा चौध दिन व्यतित गरेको व्यक्तिले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेबमोजिमको स्वास्थ्य सुरक्षासम्बन्धी प्रोटोकलको पालना गर्नुपर्नेछ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेबमोजिम स्वास्थ्य परीक्षण भएपछि थप सात दिन होम क्वारेन्टिनमा बस्नु पर्नेछ।

६. <u>शव व्यवस्थापनः</u> (१) रोजगारीको सिलसिलामा विदेशमा मृत्यु भई कोभिड-१९ को महामारीको कारणले अन्तर्राष्ट्रिय उडान रोकिई नेपाल ल्याउन नसकिएको शव परराष्ट्र मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले चार्टर्ड उडान भएका बखत ल्याउने व्यवस्था मिलाउनु पर्नेछ। यसरी ल्याइएका शब सम्बन्धित मृतकको परिवारलाई बुझाउने व्यवस्था श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गर्नु पर्नेछ ।

७. <u>खर्च व्यवस्थापनः</u> (१) यो आदेश कार्यान्वयन गर्न लाग्ने खर्चको व्यवस्थापन देहायबमोजिम गरिनेछः-

(क) स्थानीय तहले व्यवस्थापन गर्ने क्वारेन्टिनको बन्दोबस्ती एवं क्वारेन्टिनमा रहँदाको अवधिको खानाका लागि नेपाल सरकारले प्रतिदिन प्रतिव्यक्ति एक सय पचहत्तर रुपैयाँका दरले चौध दिनमा नबढ्ने गरी सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने छ।

(ख) होल्डिङ सेन्टरको भाडा नेपाल सरकारले व्यहोर्ने छ ।

(ग) भारतबाहेक अन्य मुलुकबाट आउनेले हवाई उडान खर्च र होटल क्वारेन्टिन खर्चलगायतका सम्पूर्ण खर्च आफैले व्यहोर्नु पर्नेछ।

तर, सम्बन्धित श्रम गन्तव्य मुलुकले वा रोजगारदाता कम्पनीले वा नेपालस्थित म्यानपावर कम्पनीले हवाई उडान, यातायात, होटल क्वारेन्टिनलगायतका खर्चमध्ये केही वा सबै खर्च व्यहोर्ने भएमा बाँकी खर्च मात्र सम्बन्धित व्यक्तिले व्यहोर्नु पर्नेछ।

(घ) भारतबाट आउनेले प्रवेश विन्दुदेखि होल्डिङ सेन्टर हुँदै स्थानीय तहले व्यवस्थापन गरेको सम्बन्धित क्वारेन्टिनसम्म र अन्य मुलुकबाट आउनेले विमानस्थलबाट होल्डिङ सेन्टर हुँदै क्वारेन्टिन होटल वा स्थानीय तहले व्यवस्थापन गरेको सम्बन्धित क्वारेन्टिनसम्मको यातायात खर्च व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ।

(ङ) मृतकको शव ल्याउने खर्च सम्बन्धित रोजगारदाता कम्पनीले व्यहोर्नुपर्नेछ तर विशेष परिस्थितिमा शव ल्याउदा लाग्ने खर्च वैदेशिक रोजगार प्रवर्द्धन कोषबाट व्यहोर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले व्यहोर्ने भनी उल्लेख भएको खर्च कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष, केन्द्रीय तथा जिल्ला विपद् व्यवस्थापन कोष र वैदेशिक रोजगार प्रवर्द्धन कोषबाट व्यहोरिनेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(३) यस दफा बमोजिम स्थानीय तहबाट भएको खर्चको विवरण स्थानीय तहले प्रदेश सरकार र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत नेपाल सरकारलाई उपलब्ध गराउनुपर्नेछ ।

८. <u>प्रदेश सरकारसँग समन्वयः</u> (१) यस आदेशको कार्यान्वयनको लागि नेपाल सरकारका देहायका मन्त्रीबाट देहायका प्रदेश सरकारसँग समन्वय हुनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, उर्जा, जलस्रोत तथा सिँचाइ | - प्रदेश नं. ५, |
| (ख) | मन्त्री, वन तथा वातावरण | - कर्णाली प्रदेश, |
| (ग) | मन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा | - प्रदेश नं. २, |
| (घ) | मन्त्री, भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण | - गण्डकी प्रदेश, |
| (ङ) | मन्त्री, खानेपानी | - सुदूरपश्चिम प्रदेश, |
| (च) | मन्त्री, भैतिक पूर्वाधार तथा यातायात | - प्रदेश नं. १, |
| (छ) | मन्त्री, महिला बालबालिका तथा जेष्ठ नागरिक | - वागमती प्रदेश। |

(२) समन्वयकर्ता मन्त्रीको जिम्मेवारी देहायबमोजिम हुनेछः-

(क) भारतबाहेक अन्य मुलुकबाट हवाई मार्ग भई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट नेपाल प्रवेश गर्नेलाई काठमाडौं उपत्यकाभित्र प्रदेशगत रूपमा तोकिएका होल्डिङ सेन्टरमा जम्मा गराई आवश्यक स्वास्थ्य जाँचपछि सम्बन्धित प्रदेशतर्फ स्थलमार्गबाट पठाउन आवश्यक समन्वय गर्ने,

(ख) भारततर्फबाट स्थलमार्ग हुँदै नेपाल प्रवेश गर्नेको यातायात तथा क्वारेन्टिन र अन्य आवश्यक विषयमा समन्वय र सहयोग गर्ने,

(ग) प्रदेश सरकार र स्थानीय तहहरूबाट कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका सिलसिलामा सञ्चालित, सम्पादित कार्यको अनुगमन र नियमन गर्ने,

(घ) यस दफाबमोजिम भए गरेका कामको विवरण प्राप्त गरी नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष प्रतिवेदन पेश गर्ने ।

९. <u>प्रदेश सरकारबाट समन्वयः</u> भारत तथा अन्य मुलुकबाट नेपाल प्रवेश गरी जिल्ला सदरमुकाममा ल्याइएका नागरिकलाई सम्बन्धित स्थानीय तहको क्वारेन्टिनसम्म पुऱ्याउने र क्वारेन्टिन अवधिभर आवश्यक व्यवस्थापनका लागि सहयोग र समन्वय गर्ने कार्यका लागि प्रदेश सरकारबाट एकजना मन्त्री तोकिनेछ ।

१०. <u>समग्र कार्यको सञ्चालन, अनुगमन, नियन्त्रण र निर्देशनः</u> यस आदेशमा उल्लिखित कार्यहरूको समग्र सञ्चालन, अनुगमन, नियन्त्रण र निर्देशन कोभिड-१९ संकट व्यवस्थापन केन्द्रबाट हुनेछ।

११. <u>आदेश उल्लङ्घन गर्नेलाई कारबाही हुनेः</u> यस आदेशको उल्लङ्घन गर्ने कुनै पनि व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० तथा अन्य प्रचलित कानूनबमोजिम कारबाही हुनेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं